गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

## मिति २०७९।१०।०६ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को सातौं नगर कार्यपालिका बैठकको निर्णयहरुः

**निर्णय नं.१** गैंडाकोट नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीको कार्यसम्पादन सन्तोषजनक नै देखिएकोले म्याद थपका लागि निजहरुले पेश गरेको निवेदनको आधारमा निजहरुलाई आगामी २०८० असार मसान्तसम्म निरन्तरता दिने र यस कार्यालय र अन्तर्गत ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई दैनिक ज्यालामा भन्दा मासिक रुपमा एकमुष्ट पारिश्रमिक पाउने गरी काममा लगाउन उपयुक्त हुने देखिएकोले निजहरु सोहि पदमा कार्यरत अन्य करार कर्मचारीले पाउने सरह मासिक रुपमा सेवा सुविधा पाउने गरी करार सम्झौता गरी २०८० असार मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं.२** आ.व. २०७८/०७९ मा स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यक्रममा गैंडाकोट नगरपालिकाले कुल ८७.७५ प्रतिशत प्राप्त गरी सार्वजनिक गरेको नतिजालाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को हिउँदे नगर सभा (बाह्रौं नगर सभा ) यहि मिति २०७९ माघ १७ गते मंगलबारका दिन बिहान ११ बजे बोलाउने निर्णय गरियो।

**निर्णय नं.४** गैंडाकोट नगरपालिकाको विधायन समितिबाट पेश भएका देहाय बमोजिम ऐनहरुलाई कार्यपालिका बैठकमा आवश्यक रुपमा छलफल तथा संशोधन सहित बाह्रौ नगर सभामा पेश गर्ने निर्णय गरियो।

**तपशिलः**

१. गैंडाकोट नगरपालिकाको नगर खेलकुद विकास ऐन,२०७९

२. गैंडाकोट नगरपालिकाको नगर प्रहरी ऐन,२०७९

३. गैंडाकोट नगरपालिकाको सहकारी ऐन,२०७९

४. गैंडाकोट नगरपालिकाको नगर प्रज्ञा प्रतिष्ठान ऐन,२०७९

५. गैंडाकोट नगरपालिकाको जलस्रोत विकास ऐन,२०७९

**निर्णय नं.५** गैंडाकोट नगरपालिकाको लेखा समितिबाट पेश भएको "गैंडाकोट नगरपालिकाको लेखा समितिको कार्यविधि २०७९" उपर बैठकमा छलफल भयो। यस कार्यविधिको सन्दर्भमा कार्यपालिका सदस्यहरुले अध्ययन गरी आगामी कार्यपालिका बैठकमा थप छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं.६** गैंडाकोट नगरपालिकाको लेखा समितिबाट पेश हुन आएको आर्थिक २०७७।०७८ को लेखा परीक्षणमा महालेखापरीक्षकको कार्यालयबाट नियमित गर्नु पर्ने भनी औंल्याईएको रु. १,६२,९५,४०६/- बराबरको बेरुजु नियमित गर्न स्वीकृतार्थ सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.७** गैंडाकोट नगरपालिकाको बढ्दो शहरीकरण, जनसंख्या तथा जनघनत्वको कारण यस नगरपालिकाका भित्रको एक मात्र आधारभूत अस्पतालबाट सम्पूर्ण प्रकृतिको स्वास्थ्य सेवाहरु उपलब्ध गराउन असहज भई रहेको र गैंडाकोट नगरपालिका वडा नं. १ देखि ९ सम्मका बासिन्दालाई हालको आधारभूत अस्पताल अपायक समेत भएकोले यस नगरपालिलका वडा नं. ५ स्थित गैंडाकोट स्वास्थ्य चौकीमा आवश्यक संरचना समेत निर्माण गरी उक्त स्वास्थ्य चौकीलाई आधारभूत अस्पताल वा अन्य विशिष्टिकृत सेवा प्रदायक अस्पतालमा स्तरोन्नतिको प्रकृया अगाडी बढाउन स्वीकृतिको लागि संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं.८** गैंडाकोट नगरपालिकाबाट प्रवाह हुने सेवा तथा संचालन हुने योजनाहरुको कार्यान्वयन तथा अनुगमनलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाउन नगरसभाबाट स्वीकृत बजेट सिमा भित्र रही कार्यालयको लागि अत्यावश्यक रहेको एक थान चारपाङ्ग्रे सवारी साधन खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.९** स्थानीय तह मल वितरण व्यवस्थापन समितिको निर्णय बमोजिम गैंडाकोट नगरपालिका भित्रका सम्पूर्ण कृषकहरुको लागि उपलब्ध गराउन लागिएको मल कार्ड पहिलो पटकको लागि नि:शुल्क उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१०** भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ बमोजिम स्थानीय तहले तयार गर्नु पर्ने भू-उपयोग योजना तथा भू-उपयोग वर्गीकरण नक्सा कार्यलयमा उपलब्ध जनशक्तिबाट बनाउन सम्भव नदेखिएकोले सेवा प्रदायक संस्था मार्फत सोसँग सम्पन्धित सेवा तथा परामर्श खरिद गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.११** गैंडाकोट नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता तथा राष्ट्रिय स्तरको गैंडाकोट मेयर कप T20 क्रिकेट प्रतियोगिताको लागि थप रु. २\२ लाख रुपैयाँ बजेट नगरपालिकाको आन्तरिक श्रोतबाट थप विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** गैंडाकोट नगरपालिका वडा नं. १० मा अवस्थित सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गुल्म हे. क्वा. बाट उक्त गुल्मको चमेनागृह निर्माण अत्यावश्यक भएको र सो को लागि उक्त गुल्ममा बजेट नरहेकोले आवश्यक बजेट सहयोग गरिदिन अनुरोध भई आए बमोजिम नगरपालिकाको आन्तरिक श्रोतबाट रु. ५ लाख उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२** गैंडाकोट नगरपालिका वडा नं. ९ को वडा समितिको मिति २०७९।१०।०४ को बैठकबाट निर्णय भई कार्यपालिका वबैठकमा पेश हुन आएका सो वडा भित्र का योजनाहरुलाई सोही वडा भित्रका अन्य योजनाहरुमा शिर्षक परिवर्तन गरी कार्यान्वयन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.१३** गैंडाकोट नगरपालिका वडा नं. १४ स्थित विजयज्योति आधारभूत विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०९/०७ को बैठकबाट भएको निर्णया तथा वडा १४ को वडा कार्यालयबाट प्राप्त सिफारिस अनुसार उक्त विद्यालयको खेल मैदान निर्माण कार्यको लागि स्वीकृति दिने र त्यस क्रममा निस्कने माटो तथा ढुङ्गा गैंडाकोट नगरपालिकाको “निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन्, ओसारपसार तथा बिक्रि वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि २०७९” ले तोके बमोजिमको लेखाजोखा गरी सोही कार्यविधिले तोके बमोजिमको राजस्व नगरपालिकाले लिई अन्यत्र विक्री तथा ओसार पसार गर्न विद्यालयलाई स्वीकृति दिने निर्णय गरियो ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख